नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरबार, काठमाडौ

मिति : २०८१।०७।२७

सवारी साधन लिलाम सम्बन्धी मितिः २०८१।०७।२७ गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित सूचना ।

**नेपाल सरकार**

**गृह मन्त्रालय**

## कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

**सिंहदरवार, काठमाडौं**

## सवारी साधन लिलाम बिक्रीको सूचना

**प्रकाशित मितिः २०८१/०७/२७**

यस विभागमा विभिन्न मितिमा प्राप्त भएका सवारी साधनहरू (चार पांग्रे थान २ र दुई पांग्रे थान १) कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ बमोजिम को मुल्याङ्कन समितिबाट कायम भएको न्युनतम मुल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २० र दफा २१ को उपदफा (२) मा भएको व्यवस्था तथा नियमावलीको नियम ९ मा उल्लेख भए बमोजिम जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा संस्थाले न्युनतम् मुल्याङ्कित रकमको २०% (बीस प्रतिशत) ले हुने रकम धरौटी वापत जम्मा गरिएको सक्कल भौचर र आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना र सवारी साधनहरूको विवरण यस विभागको Webside www.dmpc.moha.gov.np मा राखिएको छ अन्य विषयमा बुझ्नु परेमा यस विभागमा सम्पर्क राख्न सकिनेछ ।

नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाडौं

मिति : २०८१।०७।२७

## सवारी साधन लिलाम बिक्रीको सूचना ।

**(प्रकाशन मितिः २०८१।०७।२७)**

**सूचना नः 01/DMPC/AUC-V/081-82**

यस विभागमा विभिन्न मितिमा प्राप्त भएका २ (एक)-थान चार पाङ्ग्रे र १ (एक)-थान दुई पाङ्ग्रे गरी जम्मा ३ (दुई) थान सवारी साधनहरू यस विभागमा जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ बमोजिम गठित मुल्याङ्कन समितिबाट कायम भएको न्युनतम मुल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २०, र दफा २१ को उपदफा (२) मा भएको व्यवस्था तथा नियमावलीको नियम ९ मा उल्लेख भए बमोजिम लिलाम बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा संस्थाले मुल्याङ्कित रकमको २०%-(बीस प्रतिशत) धरौटी वापतको रकम जम्मा गरिएको सक्कल भौचर र अन्य  आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र रितपुर्वक दरखास्त दिनुहुन अनुरोध छ। साथै विस्तृत विवरणको लागि यस विभागको वेबसाईट www.moha.dmpc.gov.np वा विभागको सूचना पाटीमा हेर्नुहुन समेत सूचित गरिएको छ।

**कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग,**
**सिंहदरवार, काठमाडौं ।**

Website: www.moha.dmpc.gov.np, 014211093, email:dmpc.2078@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरबार, काठमाडौ

मिति : २०८१।०७।२७

**सवारी साधन लिलाम बिक्रीको २१ दिने सूचना ।**

**प्रकाशन मितिः २०८१।०७।२७**

यस विभागमा विभिन्न मितिमा प्राप्त भएका २ (एक)-थान चार पाङ्ग्रे र १ (एक)-थान दुई पाङ्ग्रे गरी जम्मा ३ (दुई) थान सवारी साधनहरू जे जस्तो अवस्थामा छन सोहि अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १८ बमोजिम गठित मुल्याङ्कन समितिबाट कायम भएको न्युनतम मुल्याङ्कनलाई आधार मानेर सोही ऐनको दफा २० र दफा २१ को उपदफा (२) मा भएको व्यवस्था तथा नियमावलीको नियम ९ मा उल्लेख भए बमोजिम निम्न सवारी साधनहरू लिलाम बिक्री गर्नु पर्ने भएकोले तपशिल उल्लेखित शर्तमा लिलाम बिक्री गर्न यो सिलबन्दी दरभाउपत्र प्रकाशन गरीएको छ।

**तपशिलः**

१. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु खरिद गर्न निवेदनका साथ व्यक्ति भए नागरिकताको प्रतिलिपि र फर्म वा कम्पनि भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. ०८०\८१ सम्मको कर चुक्ता प्रमाणपत्र, मु.अ.कर वा स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि सहित रु. बिस लाख भन्दा कम मुल्याङ्कन भएकोमा रु १,०००।- र सो भन्दा माथि मुल्याङ्कन भए रु ३,०००।- फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखामा बुझाएको रकमको सक्कल रसिद संलग्न गरी २१ औं दिन सम्म मिति २०८१/०८/१७ गते कार्यालय समयमा विभाग बाट खरिद गर्न सकिने छ । आफूले खरिद गर्न चाहेको सवारी साधनको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र कागजात तोकेको दस्तुर तिरेर खरिद गर्नु पर्नेछ।

२. व्यक्ति फर्म वा कम्पनीले आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्रमा आफुले सम्बन्धित सवारी साधनलाई कवोल गरेको अंक सहित सिलबन्दी दरभाउपत्र सूचना प्रकाशन भएको मिति देखि २२ औं दिन मिति २०८१/०८/१८ गते दिनको १२:०० बजे भित्र विभागमा व्यक्ति भए स्वंय वा आफूले अखितियारी दिईएको व्यक्ति, साझेदारी फर्म भए आधिकारीक प्रतिनिधि र अन्यको हकमा प्रोपाईटर स्वयं वा अधिकार प्राप्त व्यक्तिले सहिछाप गरी खाम बाहिर श्री कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग र सुचना नं. उल्लेख गरि दर्ता गर्नुपर्नेछ ।

३. व्यक्ति र फर्म वा कम्पनिले सिलबन्दी दरभाउपत्रमा सम्बन्धित सवारी साधनको मुल्याङकन भई कायम भएको रकमको २०% (बीस) प्रतिशत रकम को.ले.नि.का. सिंहदरबारको राष्ट्रिय बाणिज्य बैङ्कमा रहेको धरौटी खाता नं. मा १९६०१००१०२०३००००, कार्यालय कोड ३१४०७३५०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर र व्यक्ति भए नागरिकताको प्रतिलिपि सहित व्यक्तिगत स्थायी लेखा नं. र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, गत आ.व. ०८०\८१ सम्मको कर चुक्ता प्रमाणपत्र मु.अ. कर वा स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। कुनै कागजात वा प्रमाणपत्रको प्रतिलिपि पेश गर्दा नेपाल सरकारबाट मान्यता प्राप्त संस्था, निकाय वा व्यक्तिबाट नोटरी अनिवार्य गराउनु पर्नेछ ।

४. आफुले कवोल गरेको मुल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेख्नुपर्नेछ ।अंक र अक्षरमा फरक भएमा अक्षरलाई मान्यता दिईनेछ।

५. सवारी साधनहरु सकार गरेपछी यातायात व्यवस्था कार्यालय तथा अन्य निकायमा दर्ता गर्ने प्रयोजनका लागि लाग्ने सम्पुर्ण दस्तुर तथा करहरु लिलाम सकार गर्ने व्यक्ति\फर्म स्वयंले व्यहोर्नुपर्नेछ ।

६. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफुले स्वीकार गरेको रकमको नियमानुसार मुल्य अभिवृद्धी कर (VAT) र अन्य करहरू समेत तिर्नुपर्ने छ ।

नेपाल सरकार

# गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाडौं

मिति : २०८१।०७।२७

७. विभागमा पेश हुन आएका सम्पुर्ण सिलबन्दी दरभाउपत्र मिति २०८१/०८/१८ गतेको दिनको १४:०० बजे रितपुर्वक दरभाउ पेश गराएका व्यक्ति वा संस्थाको प्रतिनिधिको रोहवरमा खोलिनेछ र खोलिने समयमा सम्वन्धित व्यक्ति र संस्था प्रतिनिधिहरु अनुपस्थित भएमा प्रचलित कानून बमोजिम खोलुवा समितिलाई केही बाधा पर्ने छैन।

८. सिलबन्धी दरभाउपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागलाई सुरक्षित रहने छ ।

१०. व्यक्ति र कम्पनी वा फर्मले लिलाम बिक्री हुने सवारी साधनहरु सम्बन्धि केही बुझ्न चाहेमा विभागमा आई प्रशासन वा भण्डारण शाखामा वुझ्न सकिनेछ ।

११. लिलाम गर्न लागिएका सवारी साधनहरूको प्रयोग क्षेत्र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

१२. सुचनामा उल्लेखित वाहेकका अन्य बिषय प्रचलित कानुन बमोजिम हुनेछ ।

**निम्नः**

| क.सं. | बोलपत्र नं. | सवारी साधन नं. | सवारी साधनको कम्पनी मोडेल | न्युन मुल्याङ्कित रकम मु.अ.बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | DMPC/AUC-V/01/081-82 | बा.१७ च ६४२७ | Tata Motors Limited, Safari Strome (VX 4x4), 2017 | १३,५०,०००।— (तेह्र लाख पचास हजार मात्र) | २,७०,०००।- | १०००।- | तेस्रो पटक |
| २. | DMPC/AUC-V/02/081-82 | बा.१९ च १०१७ | Honda Cars India Limited, Honda WR-V, 2018 | १३,६०,०००।— (तेह्र लाख साठी हजार मात्र) | २,७२,०००।- | १०००।- | पहिलो पटक |
| ३. | DMPC/AUC-V/03/081-82 | प्रदेश-२-०३-०२३ प. ३१७२ | TVS Motor Company, TVS Apache-160, 2022 | १,७८,०००।— (एक लाख अठ्हत्तर हजार मात्र) | ३५,६००।- | १०००।- | तेस्रो पटक |

नेपाल सरकार

गृह मन्त्रालय

# कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

सिंहदरवार, काठमाडौं

मिति : २०८१।०७।२७

**सवारी साधनको विस्तृत विवरणः**

| क्र.सं. | बोलपत्र नं. | सवारी साधन नं. | सवारी साधनको कम्पनी मोडेल | च्यासिस नं. | ईन्जिन नं. | रङ्ग | सिट संख्या | ईन्जिन सिसी |
|---|---|---|---|---|---|---|---|---|
| १. | DMPC/AUC-V/01/081-82 | बा.१७ च ६४२७ | Tata Motors Limited, Safari Strome (VX 4x4), 2017 | MAT617011HND00729 | VARICOR06CSYJ05191 | Artic Silver | 7 | 2179 |
| २. | DMPC/AUC-V/02/081-82 | बा.१९ च १०१७ | Honda Cars India Limited, Honda WR-V, 2018 | MAKGL274AJ4020342 | N15A15024357 | White Orchid Pearl | 5 | 1498 |
| ३. | DMPC/AUC-V/03/081-82 | प्रदेश-२-०३-०२३ प. ३१७२ | TVS Motor Company, TVS Apache-160, 2022 | MD634BE46N2A00035 | BE4AN2200165 | Black | 2 | 160 |

**कसूरजन्य सम्पत्ति व्यवस्था विभाग**
**सिंहदरवार ।**